# सिलबन्दी दरभाउपत्र आह्वानको

**प्रथम पटक प्रकाशित मिति : २०७६।०९।०६**

**समुह (क र ख)**

**बुढिगंगा नगरपालिका र खप्तड छेडेदह गाउपालिका** /ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण, बाजुरा अन्तगरगत गिफ्ट, नेपाल, बाजुरा सहयोगी संस्थाको प्राविधिक एवं सामाजिक सहजिकरणमा क्रमशः **बुढिगंगा नगरपालिका र खप्तड छेडेदह गाउपालिकामा** ( समुह क र ख) सञ्चालित तपसीलका खानेपानी तथा सरसफाइ योजनाहरुको लागि नगरपालिका/गाउपालिका, परियोजनाको खरिद निर्देशिका बमोजिम खानेपानी तथा सरसफाइ योजना निर्माणमा प्रयोग हुने निर्माण सामग्रीहरु, पाइपहरु तथा फिटीङ्गस् खरिद गर्नुपर्ने भएकोले तपशिलमा उल्लेखित योजना हरुको दरभाउपत्र साथ संलग्न परिमाण र उपलब्ध गराइएको स्पेशीफिकेशन बमोजिमको तौल र गुणस्तरका सामानहरु निम्न शर्तहरुको अधिनमा रही सप्लाई गर्न इच्छुक मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्म वा सप्लायरहरु वाट सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपशिल समुह क (रोडहेड स्थान : बेतालमाण्डौ, बाजुरा)**

| | योजनाको नाम : | न.पा./वडा नं. |
|---|---|---|
| १ | बदेडा सेलापाखा खानेपानी तथा सरसफाइ योजना | बु.न.पा.-१०, बाजुरा |
| २ | सिमलकोट खानेपानी तथा सरसफाई योजना | बु.न.पा.-७, बाजुरा |

**तपशिल समुह ख (रोडहेड स्थान : बल्दे, बाजुरा)**

| | योजनाको नाम : | गा.पा./वडा नं. |
|---|---|---|
| १ | बगडेपानी खानेपानी तथा सरसफाइ योजना | खप्तड छेडेदह गा.पा.-५, बाजुरा |
| २ | उल्याडी खानेपानी तथा सरसफाइ योजना | खप्तड छेडेदह गा.पा.-६, बाजुरा |

**शर्तहरु :**

१. विभिन्न आवश्यक निर्माण सामग्री, पाइप तथा फिटीङ्गसहरु सप्लाइ सम्बन्धी दरभाउपत्र फारम प्रति समुह फारम रु ३,००० अक्षरेपी रु. तिन हजार मात्र (पछि फिर्ता नहुने गरी) **बुढिगंगा नगरपालिकाको** नाममा रहेको **सिद्धार्थ बैंक शाखा कार्यालय फालासैल बाजुरामा** रहेको संचित कोष खाता न ०३११५११०२९३ मा र **खप्तड छेडेदह गाउपालिकाको** नाममा रहेको **हिमालयन बैंक शाखा कार्यालय डोगडी बाजुरामा** रहेको संचित कोष खाता न ०६१०८१०९२२००११ मा नगद जम्मा गरेको रसीद र लिखित निवेदनको साथमा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्र, आ.ब. २०७५/२०७६ को कर चुक्ताको प्रमाणपत्र निवेदन साथ संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौ (१५) दिनको दिउसो १२.०० वजे भित्र **बुढिगंगा नगरपालिकाको कार्यालय कुल्देबमाण्डौ बाजुरा, खप्तड छेडेदह गाउपालिकाको कार्यालय डोगडी बाजुरा**, गिफ्ट नेपाल मार्तडी, बाजुरा र ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, प्राबिधिक सहयोग इकाई, धनगढी कैलाली वाट खरिद गर्न सकिने छ ।

२. खरिद गरिएको दरभाउपत्र फारामहरु रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६औं (सोह्रौं) दिनको दिउसो १२.०० वजे भित्र सिलवन्दी दरभाउ पत्र खरिद गरिएको कार्यालयमा दर्ता गराई पेश गर्नु पर्नेछ, साथै दरभाउ पत्र खरिद गरेको सक्कलै भौचर सहित दरभाउपत्र फाराम सिलबन्दी गरी उपभोक्ता समितिको नाम, ठेगाना र निर्माण सामग्रीहरु, पाइप तथा फिटीङ्गस् सप्लाई सम्बन्धी दरभाउपत्र भन्ने व्यहोरा लेख्नुपर्नेछ ।

३. सिलवन्धी दरभाउ पत्र पेशगर्दा सप्लायरको आधिकारिक प्रतिनिधि आफै उपस्थित भई वा हुलाक वा कुरियर मार्फत समेत पेश गर्न सक्नेछ । हुलाक वा कुरियर मार्फत पठाएको सिलवन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सोह्रौं दिनको १२.०० वजे भित्र प्राप्त भईसक्नु पर्नेछ ।

४. सप्लाई हुने सामग्रीहरुको भुक्तानी उपभोक्ता समितिले योजना नजीकको ट्रक जाने स्थान वा योजनास्थल सम्म ढुवानी भै चेकजाँच भएपछि मात्र गर्नेछ तसर्थ दरभाउपत्र पेश गर्दा जमानत आवश्यक पर्ने छैन ।

५. उपरोक्त अनुसार प्राप्त भएका दरभाउपत्रहरु संकलन गरि २०७६ पौष २३ गते दिउंसो १२.०० वजे **बुढिगंगा नगरपालिकाको कार्यालय कुल्देबमाण्डौ बाजुरा, खप्तड छेडेदह गाउपालिकाको कार्यालय डोगडी बाजुरामा** उ.स.खरिद समितिका प्रतिनिधिहरु, साझेदार कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताहरु वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न बाधा पुग्नेछैन ।

६. दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन बिक्रि गरिने, दर्ता गरिने वा खोलिनेछ ।

७. दरभाउपत्रमा दररेट लेख्दा अँक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अँक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । अँक र अक्षरमा केरमेट भएकोमा दस्तखत र छाप लगाएको हुनु पर्नेछ ।

८. म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

९. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार उपभोक्ता समितिहरुमा सुरक्षित रहनेछ ।

१०. अन्य शर्तहरु परियोजनाको खरिद कार्यविधि बमोजिम हुनेछ । थप शर्तहरु दरभाउपत्र साथै संलग्न गरिएको छ ।

११. यो सूचनामा केहि सँसोधन गर्नु परेमा सो को सूचना **बुढिगंगा नगरपालिकाको कार्यालय कुल्देबमाण्डौ बाजुरा, खप्तड छेडेदह गाउपालिकाको कार्यालय डोगडी** बाजुरा, ग्रामीण जलश्रोत व्यवस्थापन परियोजना, प्राबिधिक सहयोग इकाइ मार्तडी र गिफ्ट नेपाल मार्तडी, बाजुराको सूचना पाटीमा टाँस गरिनेछ ।

१३. अन्य थप जानकारी चाहिएमा **बुढिगंगा नगरपालिकाको कार्यालय कुल्देबमाण्डौ बाजुरा, खप्तड छेडेदह** गाउपालिका/ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, प्रबिधिक सहयोग इकाइ, बाजुराको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

१४. दरभाउपत्र खरिद गर्दा ईच्छुक सप्लायर्सले तपसीलमा उल्लेखित समुह 'क' वा 'ख' एउटै वा दुईटै समुहको लागि पनि दरभाउपत्र खरिद गरि, भरि पेश गर्न सक्नेछ तर दरभाउपत्र खरिद गर्दा फरक समुहको लागि फरक दरभाउ पत्र खरिद गर्नुपर्ने र सोवापत लाग्ने दस्तुर अलग अलग तिर्नुपर्ने छ

१५. गतबिगतमा यस परियोजना अन्तर्गत बाह्य निर्माण सामाग्री सप्लाई गर्दा ढिलासुस्ती गरी समयमा सामाग्री नदीने सप्लायर्स संग पुन सम्झौता गर्न उ.स. असमर्थहुनेछ ।

१६. एच.डि.पि. पाइपको हकमा नेपाल गुणस्तर ४० को चौथो संशोधन अनुरुप भएको (PE १०० को कच्चा पदार्थ प्रयोग भएको) प्रमाणित ल्याव टेष्ट कागजात उपलब्ध गराउनु पर्नेछ ।

संयुक्त खरिद समिति